आज मिति २०८३ साल असारको ३२ गते बिहिबारका दिन भानु नगरपालिका नगरकार्यपालिकाको अठारौं नगरसभाको दोस्रो बैठक (बन्द सत्र) नगर प्रमुख श्री आनन्दराज त्रिपाठीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

<u>उपस्थिति</u>

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | आनन्दराज त्रिपाठी | प्रमुख | | |
| २. | उमा गोतामे | उप प्रमुख | | |
| ३. | कान्छी माया तामाङ | वडाअध्यक्ष वडा नं.१ | | |
| ४. | केशव राज त्रिपाठी | वडाअध्यक्ष वडा नं.२ | | |
| ५. | तुल कुमार गुरुङ्ग | वडाअध्यक्ष वडा नं.३ | | |
| ६. | अर्जुन बहादुर बोहोरा | वडाअध्यक्ष वडा नं.४ | | |
| ७. | नहकुल अधिकारी | वडाअध्यक्ष वडा नं.५ | | |
| ८. | धिरेश खनाल | वडाअध्यक्ष वडा नं.६ | | |
| ९. | खुम प्रसाद श्रेष्ठ | वडाअध्यक्ष वडा नं.७ | | |
| १०. | ईश्वर बहादुर घिमिरे | वडाअध्यक्ष वडा नं.८ | | |
| ११. | मिन बहादुर गुरुङ्ग | वडाअध्यक्ष वडा नं.९ | | |
| १२. | हरिहर उप्रेती | वडाअध्यक्ष वडा नं.१० | | |
| १३. | विमल राज जोशी | वडाअध्यक्ष वडा नं.११ | | |
| १४. | बेल बहादुर अधिकारी | वडाअध्यक्ष वडा नं.१२ | | |
| १५. | कृष्ण बहादुर अधिकारी | वडाअध्यक्ष वडा नं.१३ | | |
| १६. | विन्दा रानाभाट | कार्यपालिका सदस्य | | |
| १७. | धन वहादुर वि.क | कार्यपालिका सदस्य | | |
| १८. | प्रविना थापा मगर | कार्यपालिका सदस्य | | |
| १९. | रविन भुजेल | कार्यपालिका सदस्य | | |
| २०. | राजु सुर्खाली | कार्यपालिका सदस्य | | |
| २१. | सावित्री सुनार | कार्यपालिका सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २२. | सकिना खातुन | कार्यपालिका सदस्य | | |
| २३. | शान्ता कुमारी मिजार लम्साल | कार्यपालिका सदस्य | | |
| २४. | विवेक श्रेष्ठ | नगरसभा सदस्य वडा नं.१ | | |
| २५. | तुल बहादुर गुरुङ्ग | नगरसभा सदस्य वडा नं.१ | | |
| २६. | टक माया गुरुङ्ग | नगरसभा सदस्य वडा नं.१ | | |
| २७. | विनोद गुरुङ्ग | नगरसभा सदस्य वडा नं.२ | | |
| २८. | मदन भण्डारी | नगरसभा सदस्य वडा नं.२ | | |
| २९. | मिना कुमारी श्रेष्ठ | नगरसभा सदस्य वडा नं.२ | | |
| ३०. | चनमाया बसेल | नगरसभा सदस्य वडा नं.२ | | |
| ३१. | अमित लामा | नगरसभा सदस्य वडा नं.३ | | |
| ३२. | मेख राज गुरुङ्ग | नगरसभा सदस्य वडा नं.३ | | |
| ३३. | सन्तोषी सुनार | नगरसभा सदस्य वडा नं.३ | | |
| ३४. | राम बहादुर तामाङ्ग | नगरसभा सदस्य वडा नं.४ | | |
| ३५. | हर्क बहादुर थापा क्षेत्री | नगरसभा सदस्य वडा नं.४ | | |
| ३६. | तिला बसेल | नगरसभा सदस्य वडा नं.४ | | |
| ३७. | प्रेम बहादुर अधिकारी | नगरसभा सदस्य वडा नं.५ | | |
| ३८. | मोहन बहादुर खाती | नगरसभा सदस्य वडा नं.५ | | |
| ३९. | कमला आले | नगरसभा सदस्य वडा नं.५ | | |
| ४०. | कल्पना परियार | नगरसभा सदस्य वडा नं.५ | | |
| ४१. | सन्त बहादुर खड्गी | नगरसभा सदस्य वडा नं.६ | | |
| ४२. | जितलाल गुरुङ्ग | नगरसभा सदस्य वडा नं.६ | | |
| ४३. | विमला अधिकारी | नगरसभा सदस्य वडा नं.६ | | |
| ४४. | शोभा गोतामे | नगरसभा सदस्य वडा नं.६ | | |
| ४५. | सन्त बहादुर थापा | नगरसभा सदस्य वडा नं.७ | | |
| ४६. | चिज कुमार श्रेष्ठ | नगरसभा सदस्य वडा नं.७ | | |

| | | | | |
|---|---|---|---|---|
| ४७. | रिता महत | नगरसभा सदस्य वडा नं.७ | | |
| ४८. | रचना नेपाली | नगरसभा सदस्य वडा नं.७ | रचना | |
| ४९. | राजु क्षेत्री | नगरसभा सदस्य वडा नं.८ | | |
| ५०. | शिवजी कुमाल | नगरसभा सदस्य वडा नं.८ | | |
| ५१. | संगीता पाण्डे | नगरसभा सदस्य वडा नं.८ | | |
| ५२. | ईन्दिरा नेपाली | नगरसभा सदस्य वडा नं.८ | | |
| ५३. | श्याम कृष्ण पाण्डे | नगरसभा सदस्य वडा नं.९ | | |
| ५४. | कृष्ण राज धमनिया | नगरसभा सदस्य वडा नं.९ | | |
| ५५. | उमा श्रेष्ठ | नगरसभा सदस्य वडा नं.९ | | |
| ५६. | शर्मिला बि.क. | नगरसभा सदस्य वडा नं.९ | शर्मिला | |
| ५७. | राजेन्द्र ढुङ्गाना | नगरसभा सदस्य वडा नं.१० | | |
| ५८. | सन्तोष घले | नगरसभा सदस्य वडा नं.१० | | |
| ५९. | श्रीमाया तामाङ्ग | नगरसभा सदस्य वडा नं.१० | श्रीमाया | |
| ६०. | फुलमाया बि.क. | नगरसभा सदस्य वडा नं.१० | | |
| ६१. | अजय थापा | नगरसभा सदस्य वडा नं.११ | | |
| ६२. | राम प्रसाद अधिकारी | नगरसभा सदस्य वडा नं.११ | | |
| ६३. | लालमती गुरुङ्ग | नगरसभा सदस्य वडा नं.११ | | |
| ६४. | सरस्वती बि.क. | नगरसभा सदस्य वडा नं.११ | सरस्वती | |
| ६५. | सुदिप के.सी. | नगरसभा सदस्य वडा नं.१२ | | |
| ६६. | शुस्मा राना | नगरसभा सदस्य वडा नं.१२ | | |
| ६७. | भिमसेन अधिकारी | नगरसभा सदस्य वडा नं.१३ | | |
| ६८. | चन्द्र विवश गुरुङ्ग | नगरसभा सदस्य वडा नं.१३ | | |
| ६९. | शान्ता मौराती | नगरसभा सदस्य वडा नं.१३ | शान्ता | |
| ७०. | सुरज श्रेष्ठ | नगरसभा सदस्य-सचिव | | |

## भानु नगरपालिकाको मिति २०८३/०३/३२ गतेको १८ औं नगरसभाको दोस्रो बैठकको निर्णयहरु:

**निर्णय नं.१** भानु नगरपालिकाको मिति २०८३/०३/१० गते बसेको १८ औं नगरसभाको पहिलो बैठकमा पेश भएको कर दस्तुर तथा राजस्व सहितको आर्थिक विधेयक, २०८३ उपर छलफल गरी सर्वसम्मतीबाट पारित गरियो ।

**निर्णय नं.२** भानु नगरपालिकाको मिति २०८३/०३/१० गते बसेको १८ औं नगरसभाको पहिलो बैठकमा पेश भएको विनियोजन विधेयक, २०८३ उपर छलफल गरी संशोधन सहित सर्वसम्मतीबाट पारित गरियो ।

**निर्णय नं.३** न्यायिक समितिका संयोजक एंव नगरपालिकाका उपप्रमुख श्री उमा गोतामेज्यूबाट प्रस्तुत न्यायिक समितिको प्रतिवेदन २०८२/०८३ सर्वसम्मतीबाट पारित गरियो ।

**निर्णय नं.४** भानु नगरपालिकामा कार्यरत कर्मचारीहरुको आ.व.२०८३/०८४ को तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** क) महालेखा परिक्षकको कार्यालयबाट यस कार्यालयको आ.व.२०८१/०८२ का श्रेस्ताहरुको अन्तिम लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरियो । सो प्रतिवेदनका आधारमा उक्त आ.व.मा कुल लेखा परीक्षणबाट कायम बेरुजु साथै गत विगत आ.व.का बेरुजुको सम्वन्धमा उपलब्ध कागजात प्रमाण र पुष्ट्याई तथा लेखा समिति र कार्यपालिकाको सिफारिसको आधारमा नियमित गर्नुपर्ने बेरुजुहरु नियमित एंव फर्छ्यौट गरियो । उक्त बेरुजुहरुको सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

ख) भानु नगरपालिकाको लेखा समितिले कार्यपालिका मार्फत नगरसभामा पेश गरेको आ.व. २०८२/०८३ को प्रतिवेदनमा उल्लेख भएको संघीय सशर्तबाट हस्तान्तरित स्वास्थ्य र मेड्पा शाखाबाट सञ्चालित कार्यको अनुगमन गर्दा कार्यविधिमा व्यवस्था भए भन्दा बढी अनुगमन भत्ता भुक्तानी भएको भनी महालेखा परीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखा परीक्षण प्रतिवेदनमा कायम भएको बेरुजु रकम रु. १२,३०,०००। फर्छ्यौट गर्ने निर्णय गरियो र फर्छ्यौट गरिएको बेरुजुलाई सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पठाउने निर्णय गरियो ।

ग) आ.व. २०८२/०८३ म.ले.प. द्वारा गरिएको लेखा परीक्षण प्रतिवेदन सन्दर्भमा भानु नगरपालिकाको लेखा समितिले कार्यपालिका मार्फत नगरसभामा फर्छ्यौट गर्न गरिएको सम्पूर्ण सिफारिस बेरुजुलाई फर्छ्यौट गरी सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.६** आ.व.२०८२/०८३ मा नगर कार्यपालिकाको बैठकले विभिन्न मितिमा गरेका रकम विनियोजन, योजनाको नाम संसोधन, बजेट रकमान्तर लगायतका कार्यपालिकाका सम्पूर्ण निर्णयहरु र नगरप्रमुखबाट आपत्कालिन अवस्थामा गरिएको तोक आदेशमा नगरसभावाट सर्वसम्मत रुपमा एकमुष्ट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७** यस कार्यालयमा संघीय निकायका विभिन्न कार्यक्रमबाट खटाईएका तथा यस कार्यालयमा हाल करार सेवामा कार्यरत कर्मचारीहरुको करार सेवा अवधि मिति २०८४ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं.८** यस आ.व.२०८१/०८२ मा सञ्चालनमा रहेका क्रमागत योजना, सालवसाली, चालु शीर्षकका रकमहरु, तथा अन्य कार्यसम्पन्न भएका र हुन बाँकी रहेका योजनाहरु विभिन्न कारणले भुक्तानी दिन नसकिएको हुदाँ आ.व.२०८२/०८३ को बजेटमा जिम्मेवारी सारी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.९** भानु न.पा.को आ.व.२०८२/०८३ मा तपसिल बमोजिमका विषयतग समितिहरुबाट प्रस्तुत कार्य प्रगति विवरण पारित गर्ने निर्णय गरियो ।

तपसिलः

क) आर्थिक विकास समिति
ख) सामाजिक विकास समिति
ग) पूर्वाधार विकास समिति
घ) वातावरण तथा विपद व्यवस्थापन समिति
ङ) विधेय सार्वजनिक सेवा तथा क्षमता विकास समिति
च) सार्वजनिक सेवा तथा क्षमता विकास समिति
छ) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति
ज) स्थानीय राजश्व परामर्श समिति
झ) अनुगमन तथा सुपेरिवेक्षण समिति
ञ) न्यायिक समिति

**निर्णय नं.१०** भानु नगरपालिकाको राजश्व परामर्श समितिबाट पेश गरिएको भानु नगरपालिकाभित्र यस अगाडी दर्ता भई सञ्चालनमा रहेका व्यवसायहरुको दर्ता भएको आ.व. देखि हाल सम्मको नविकरण दस्तुर एक पटकका लागि नयाँ दर्ता सरहको राजस्व असुली गरी यस अगाडीको बक्यौता छुट दिई नविकरण गर्नका अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** नगर शिक्षा समितिको मिति २०८३ जेठ १८ गतेको बैठकको संशोधन प्रस्ताव बमोजिम भानु नगरपालिका शिक्षा ऐन २०७७ र भानु नगरपालिका शिक्षा नियमावलीका केही दफाहरु संघिय ऐनसँग बाझिन गएकोले ती दफाहरुलाई देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

भानु नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

<u>निर्णय नं. १९</u> भानु नगरपालिका, नगरकार्यपालिकाको कार्यालय फुस्रेटार, तनहुँ र श्री कश्यप निर्माण सेवा एण्ड सप्लायर्स, कलंकी,काठमाण्डौ बीच मिति २०७८/०१/१० मा ठेक्का सम्झौता भएको योजना Kalimati Manechauka Kunchha Motor Marga (ठेक्का नं. BHMUN/ NCB/ROAD/2077/78/03) को म्याद समाप्त भएको, साथै पटक-पटक लिखित तथा मौखिक ताकेता र स्पष्टीकरण सहित उपस्थितिको लागि निर्माण कम्पनीलाई पत्राचार गर्दा समेत कुनै प्रतिक्रिया/जवाफ नआएको तथा कार्यालयलाई जानकारी नदिई लामो समय सम्म साइट बन्द गरी निर्माणको काम अलपत्र पारी छाडिएको तथा यस कार्यालयबाट मिति २०८२/१२/२३ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा स्पष्टीकरण पेश गर्ने सम्बन्धी ७ (सात) दिने सूचना प्रकाशित गरिएकोमा उक्त तोकिएको अवधि भित्र निर्माण कम्पनीले यस कार्यालयमा ३ दिन भित्र कार्य सुचारु गर्ने प्रतिवद्धता गरेको भएपनि कार्य सुचारु नगरेको हुँदा ठेक्का सम्झौताको शर्त बमोजिम कार्य सम्पादन जमानत रकम जफत गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ (सात) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा भएको प्रावधान बमोजिम तथा सम्झौताको GCC Clause no 72, Termination of Contract को 72.1 a,b,c तथा 72.3 (b) को शर्त पालना नगरेको हुँदा सोही आधारमा ठेक्का खारेज गरी सम्झौताको GCC Clause no 74, Blacklisting को 74.1 (a) बमोजिम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचल, काठमाडौंलाई सिफारिस गरि पठाउने तथा सम्झौताको GCC Clause no 75.3 बमोजिम बाँकी कार्यको असुल उपर गर्ने सम्बन्धी कारवाही अगाडी बढाउने निर्णय गरियो।

<u>निर्णय नं. २०</u> भानु नगरपालिका वडा नं. १२ स्थित रामपुर क्षेत्रमा करिब ३६० रोपनी जग्गामा Solar PV Project सञ्चालन गर्न इच्छुक रही भानु नगरपालिका वडा नं. १२ को च.नं.१६३२, मिति २०८३/०३/३२ गते अनुमती गरिदिने सिफारिस पठाएको हुदाँ उक्त Solar PV Project सञ्चालन गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

आनन्दराजत्रिपाठी
२०८३/०३/३२

**आनन्द राज त्रिपाठी**
**प्रमुख**

| दफा तथा परिच्छेद | भएको | संशोधन हुनपर्ने |
|---|---|---|
| भानु नगरपालिका शिक्षा ऐनको दफा १२(१) ग | दफा १२(१) ग | दफा १२(१) ग हटाउने |
| भानु नगरपालिका शिक्षा नियमावलीको परिच्छेद ५ नियम ३२ को उपनियम ४ | उपनियम २ ~~र~~ ३ बमोजि गठित कार्यकारी समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ । | उपनियम २ र ३ बमोजि गठित कार्यकारी समितिका सदस्यको पदावधि दुइ वर्षको हुनेछ । |

<u>निर्णय नं. १२</u> भानु नगरकार्यपालिकाको कार्यालयको तपसिल बमोजिमको पद/दरवन्दीमा कार्यरत कर्मचारीहरु असार मसान्त सम्म करार सेवाको म्याद थप गर्नका लागि सिफारिस गरे बमोजिम करार सेवामा कार्यरत कर्मचारीहरुको २०८३ पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

तपसिलः

| क.सं. | पद | नाम/संख्या | कैफियत |
|---|---|---|---|
| १ | मेडिकल अधिकृत | २ | |
| २ | प्राविधिक सहायक | १ | |
| ३ | सहायक चौथो/प्रशासन | ४ | |
| ४ | असिष्टेन्ट सब इन्जिनियर | १ | |
| ५ | सर्वेक्षक | १ | |
| ६ | अमिन | २ | |
| ७ | कृषि प्राविधिक (ना.प्र.स.) | १ | |
| ८ | नायब पशु सेवा प्राविधिक | ३ | |
| ९ | अ.न.मी. | ११ | |
| १० | अ.हे.व. | १८ | |
| ११ | डार्क रुम असिष्टेन्ट | २ | |
| १२ | ल्याव असिष्टेन्ट | २ | |
| १३ | नगर प्रहरी सहायक निरिक्षक | १ | |
| १४ | नगर प्रहरी जवान | ४ | |
| १५ | सवारी चालक | ४ | |
| १६ | कार्यालय सहयोगी | ४३ | |

आनन्द राज त्रिपाठी
प्रमुख

निर्णय नं.१३ सशर्त/समपूरक/विशेष अनुदानबाट ठेक्का प्रक्रिया मार्फत सम्झौता गरी कार्यान्वयनमा रहेको योजनाहरु निर्माण समामग्रीको अभाव र इन्धनको मूल्यमा समेत वृद्धि भएका कारण सम्पन्न गर्न नसकि नगरपालिकालाई आर्थिक दायित्व परेको हुदाँ तपसिलमा उल्लेखित योजनाहरुको लागि बाँकी रहेको दायित्व वरावरको रकम सम्वन्धित निकायमा माग गरी थप अख्तियारी समेत माग गर्ने निर्णय गरियो ।

तपसिलः

| क.सं. | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| | संघीय सरकार सशर्त अनुदान पूजीगत तर्फ | | |
| १. | रिपाली भन्ज्याङ खाल्टे मानेचौका सडक भानु ११ | ४४५५००० | |
| २. | छ सय पुल बराइ गाउँ देवीपानी मोटरमार्ग भानु ५ | २९३२००० | |
| ३. | सुकेधारा आरुखर्क लौडारी भन्ज्याङ मोवा | ५२७९००० | |
| ४. | पाउँदी देखि दुधेकुना जाने सडक भानु १० | ३६८००० | |
| ५. | अर्चलधारा लौडारी भन्ज्याङ थानीको थान | १६००००० | |
| ६. | भानु ११ कुन्छा कालिमाटी मोटरवाटो अन्तर्गत राष्ट्रिय प्रा वि चोक | २८७१००० | |
| ७. | वडा नं.१० को स्वास्थ्य चौकी (संघीय स्वास्थ्य पूर्वधार विकास आयोजना) | ३१८७००० | |
| | संघीय सरकार समपूरक अनुदान तर्फ | | |
| १. | अमरसिंह मोटर मार्ग, | ११७३८००० | |
| | प्रदेश सरकार विशेष अनुदान तर्फ | | |
| १. | बाहविसे खानेपानी | १२६३००० | |
| | प्रदेश सरकार समपुरक अनुदान तर्फ | | |
| १. | रातामाटा राइपाली मोटरबाटो | ७६८३००० | |

निर्णय नं. १४ आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन भैरहेको नवप्रवर्तन कार्यक्रमलाई निरन्तरता प्रदान गर्नुका साथै गण्डकी प्रदेश सरकारवाट समयमा अख्तियारी प्राप्त नभएका कारण नगरपालिकाबाट भुक्तानी गर्नुपर्ने रकम सम्झौता भई भुक्तानी गर्नुपर्ने रकम विलभरपाई प्राप्त भएपनि CGPS मा चाप परेकोले असार २५ गते भुक्तानी हुन नसिकेको हुदाँ कच्चावारी प्रमाणित गरी गण्डकी प्रदेश सरकारसँग बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं.१५ भानु नगरकार्यपालिकाको भवन नियमित/अभिलेखीकरणको म्याद २०८३ असार मसान्त सम्म थप गरेकोमा अधिकाशं घर धनीहरु अझै पनि सम्पर्कमा आउन बाँकी रहेको हुदाँ भवन नियमित/अभिलेखिकरण गर्ने म्याद मिति २०८३ पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं.१६ भानु नगरपालिकाको सामरिक महत्व राख्ने तथा समग्र भानुको समुचित विकास र वृहत्तर हितका लागि संघ सरकारबाट प्राप्त समपूरक बजेट अन्तर्गतका तपसिल बमोजिमका अति आवश्यक योजनाहरु एवम् संघीय सरकारका सशर्त अनुदानका कार्यक्रमहरु विविध कारणले सम्पन्न हुन नसकी अधुरो रहेको हूँदा उल्लेखित योजनाहरुलाई निरन्तरता दिनु पर्ने भएकोले नेपाल सरकार अर्थ मन्त्रालय एवम् सम्वन्धित निकायमा योजनाको निरन्तरताको लागि रकम माग गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | संघीय सरकार समपुरक अनुदान योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | अमरसिंह मोटर मार्ग, भानु ६ | १,००,००,०००/- | भानु र व्यास जोडने अति आवश्यक मोटर मार्ग |
| २. | वडा नं.१० को स्वास्थ्य चौकी | ३,००,००,०००/- | भानु नगरस्तरीय अस्पताल |
| संघीय सरकार सशर्त अनुदान योजनाको नाम | | | |
| १ | सुकेधारा-आरूखर्क लौडारी भन्ज्याङ्ग सडक स्टारोन्ती तथा कालोपत्रे, तनहुँ | | ७०,००,०००/- | |
| २ | रिपाली भन्ज्याङ खाल्टे मानेचौका सडक भानु न.पा.११,तनहूँ | १,१०,००,०००/- | |
| ३ | छसय पूल-वराई मार्ग गाऊं देवीपानी मोटरमार्ग भानु ५ सडक स्तरोन्ती तथा कालोपत्रे, तनहूँ | र७०,००,०००/- | |
| ४ | पाउंदी देखि दुधेकुना जाने सडक, भानु-१०,तनहूँ | ४०,००,०००/- | |
| ५ | तनहूँ जिल्ला भानु नगरपालिका वडा नं ११ अन्तर्गत कुम्छा कालीमाटी मोटरबाटो अन्तर्गत राष्ट्रिय प्रा.वि.चोक | ७०,००,०००/- | |
| ६ | अर्चलधारा-लौडारी भन्ज्याङ-थानीको थान सडक भानु -७,९ र १० ,तनहूँ | २५,००,०००/- | |

निर्णय नं. १७ भानु नगरपालिकाको सामरिक महत्व राख्ने तथा समग्र भानुको समुचित विकास र वृहत्तर हितका लागि भानु नगरपालिकाका अति महत्वपूर्ण तपसिल बमोजिमका योजनाहरुलाई बहुवर्षीय योजनामा समावेशको लागि नेपाल सरकार अर्थ मन्त्रालय एवम् सम्वन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं | कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | भानु नगरपालिका टुहुरेपसल हुँदै थानीथान मन्दिर बाइसजागर मोटर मार्ग, तनहूँ | भानु नगरपालिकाको प्रसिद्व थानीमाई मन्दिर जानको लागि भानु १ भन्सार हुँदै सेपाबंगैचा र व्यास न.पा.बाट छोटो दुरीको पहुचं मार्ग |

| | | |
|---|---|---|
| २ | भानु १ र भानु ५ जोड्ने जलविरे ढाँडखोला मोटरेवल पुल निर्माण तनहुँ भानु नगरपालिका १ । | भानु १ र भानु ५ जोड्ने अति आवश्यक मोटरेवल पूल/हाल वर्खाको समयमा आवात जावतको लागि निकै कठीनाई भएको |
| ३ | थानीको थान मार्गमा पर्ने चन्द्रवती-चुंदी खहरे खोलामा पूल निर्माण,भानु न.पा.तनहूँ | भानु नगरपालिकाको प्रसिद्ध थानीमाई मन्दिर जानको लागि भानु १३ र भानु ७ जोड्ने अति आवश्यक मोटरेवल पूल/हाल वर्खाको समयमा आवात जावतको लागि निकै कठीनाई भएको |
| ४ | भानु ७,८ र ९ मस्याङ्दीं लिफ्ट खानेपानी आयोजना | तनहुँ जिल्ला भानु नगरपालिका वडा नं. ७,८,९ थानी मार्ग बाइस जागर देखि थानी थान सम्मका नागरिकलाई खानेपानीको लागि रु १ करोड संघीय शहरी विकास मन्त्रालयद्वारा विनियोजन भएकोमा उक्त रकमले धैरै घर धुरी संख्यालाई पिउने खानेपानी उपलब्ध रकम अपर्याप्त भएकोले बहुवर्षीय तथा थप बजेटको लागि खानेपानी मन्त्रालय एवम् अर्थमन्त्रालयलाई अनुरोध गर्ने । |

<u>निर्णय नं.१८</u> भानु नगरपालिकाको सामरिक महत्व राख्ने तथा समग्र भानुको समुचित विकास र वृहत्तर हितका लागि प्रदेश सरकारबाट प्राप्त समपूरक एवम् विशेष अनुदान बजेट अन्तर्गतका तपसिल बमोजिमका अति आवश्यक योजनाहरु तथा कार्यक्रमहरु विविध कारणले सम्पन्न हुन नसकी अधुरो रहेको हूँदा उल्लेखित योजनाहरुलाई निरन्तरता दिनु पर्ने भएकोले गण्डकी प्रदेश सरकार माननीय मुख्यमन्त्री ,अर्थ मन्त्रालय एवम् सम्बन्धित निकायमा योजनाको निरन्तरताको लागि रकम माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | गण्डकी प्रदेश सरकार समपुरक अनुदान योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | रातामाटा राईपाली मोटरमार्ग, भानु १० | ६०,००,०००/- | भानु नगरपालिकाको ग्रामिक भेगमा रहेको मोटर मार्ग एवं भानु १० को अति आवश्यक मोटर मार्ग |
| गण्डकी प्रदेश सरकार सशर्त अनुदान योजनाको नाम | | | |
| १ | सतिघाट लिफ्टि खानेपानी | ४०,००,०००/- | भानु नगरपालिका वडा नं २ को अति महत्वपूर्ण खानेपानी आयोजना |

भानुदत्त त्रिपाठी
२०८१/०३/२२